दुहुँ गाउँपालिका

# दुहुँ राजपत्र

खण्ड - २    संख्या - ३    मितिः २०७५।०५।२०

## भाग - २

| सभाबाट स्वीकृत मिति | २०७५।०५।१३ |
|---|---|

## दुहुँ गाँउपालिका वडा अध्यक्ष टोल सूधार कार्यकम कार्यान्वयन निर्देशीका २०७५

दुहुँ गाँउपालिका भित्रका पाँच वटै वार्डहरुमा रहेका सम्पुर्ण टोलहरुलाइ वालविवाह मुक्त, छुवाछुत मुक्त, जाँडरक्सी र जुवातास मुक्त तथा पूर्ण सरसफाइ सूनिश्चित टोल बनाउन आमा समुहहरु, वालकल्वहरु, टोल सुधार समिति, सुरक्षा निकाय लगायत सवै पक्षको सहयोग प्राप्त गरी यस दुहुँ गाँउपालिकालाइ स्वच्छ, सुन्दर र समृद्ध वनाउन स्थानिय सरकार संचालन ऐन को दफा १०२ अनुसार मिति २०७५ साल भाद्र  गते वसेको गाँउकार्यपालिको वैठकले पारित गरी वडा अध्यक्ष टोल सूधार कार्यकम कार्यान्वयन निर्देशीका लागु गरिएको छ ।

## परिच्छेद १

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः(१) यस निर्देशीकाको नाम “दुहुँ गाँउपालिका वडा अध्यक्ष टोल सूधार कार्यक्रम कार्यान्वयन निर्देशीका २०७५” रहेको छ ।

(२) यो निर्देशीका दुहुँ गाँउकार्यपालिकाले पारित गरी प्रमाणित भएको मिति देखि लागु हेनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशीकामा -

(क) “आमा समुह” भन्नाले टोल वस्तीहरुमा महिलाहरु संगठित भइ गठन गरिएका वडा कार्यालयहरुमा दर्ता भएकासमुहहरु सम्भmनु पर्दछ ।

(ख) “टोल सुधार समिति” भन्नाले वडा समितिको रहोवरमा टोल वस्तीहरुमा सवै घरधुरी समेटेर गठन गरिएका समितिहरु सम्भmनु पर्दछ ।

(ग) “टोल सुधार निरिक्षक” टोल सुधारकार्यक्रमको लागि समुदायमा काम गर्ने गरी नियुक्त कार्यकता सम्भmनु पर्दछ ।

(घ) “वडा समिति” भन्नाले दुहुँ गाँउपालिकाको वडा समितिलाइ सम्भmनु पर्दछ ।

(ङ) “वडा अध्यक्ष” भन्नाले दुहुँ गाँउपालिका वडाको अध्यक्षलाइ सम्भmनु पर्दछ ।

(च) “टोल व्यवस्थापन समिति” भन्नाले वडा अध्यक्षको अध्यक्षतामा गठित समितिलाइ सम्भmनु पर्दछ ।

(छ) “ टोल सुपरिवेक्षण समिति” भन्नाले गाँउपालिका अध्यक्षको संरक्षकत्व र गाँउपालिका उपाध्यक्षको अध्यक्षतामा गठित समितिलाइ सम्भmनु पर्दछ ।

## परिच्छेद-२

### ३. गाँउपालिका टोल सुपरिवेक्षण समितिको गठन तथा काम, कर्तव्य र अधिकार

३.१ गाँउपालिका भित्रका सवै टोलहरुको सुधार गर्न लागु गरिएको वडा अध्यक्ष टोल सूधार कार्यक्रमलाइ प्रभावकारी रुपमा कार्यान्वयन गर्न देहाय वमोजिमको टोल सुपरिवेक्षण समिति रहने छ ।

| | |
|---|---|
| (क) गाँउपालिका अध्यक्ष | -संरक्षक |
| (ख) गाउँपालिका उपाध्यक्ष | -अध्यक्ष |
| (ग) प्रमुख प्रशासकीय अधिकृत | -सदस्य |
| (घ) सामाजिक विकास समिति संयोजक | -सदस्य |

(ङ) शिक्षा साखा प्रमुख -सदस्य

(च) सुरक्षा निकाय प्रतिनिधि -सदस्य

(च) आमा समुह अध्यक्षहरु मध्ये वाट टोल सूधार सुपरिवेक्षण समितिले मनोतीत गरेका २ जना -सदस्य

(छ) स्वास्थ्य साखा उप संयोजक -सदस्य सचिव

३.२ समितिको वैठक सम्वन्धि व्यवस्था:

(क) अध्यक्षले तोकेको मिति, समय र स्थानमा समितिको वैठक वस्नेछ ।

(ख) समितिले आवश्यकतानुसार सम्वन्धित निकाय वा संघसंस्थाका प्रतिनिधि लाइ वैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(ग) समितिको वैठकको अन्यकार्यविधि समिति आफैले तोके वमोजिम हुनेछ ।

(घ) समितिको निर्णय सदस्य सचिवले प्रमाणित गरी राख्नेछ ।

३.३ समितिको काम कर्तव्य अधिकार:

(क) समितिले सरोकार पक्षको भेला वोलाइ प्रत्येक वार्डमा टोल व्यवस्थापन समिति गठन गर्न आवश्यक व्यवस्था गर्नेछ ।

(ख) वडा स्तरीय व्यवस्थापन समितिलाइ आवश्यक सूझाव, सहयोग र निर्देशन दिने छ ।

(ग) प्रत्येक वार्डमा कार्यक्रम अभिमूखीकरण गोष्ठीको व्यवस्थापन गर्ने छ ।

(घ) आमासमुह, वालक्लव गठन गरी गाँउपालिकामा दर्ताको लागि आवश्यक व्यवस्था गर्ने ।

(ङ) वडा स्तरीय टोल व्यवस्थापन समितिवाट सिफारिस भइ आएका टोल निरिक्षकहरु लाइ करार सम्झौता गरि नियुक्ति दिनेछ ।

(च) नमुना टोल घोषणाको मापदण्ड बनाउनेछ ।

(छ) टोल निरिक्षकलाइ आवश्यक निर्देशन दिनेछ ।

(ज) टोल सुधार कार्यक्रम सचेतना तालिम प्याकेज निर्माण गनर्छे ।

(झ) टोलसुधारको त्रैमासिक प्रतिवेदन गाँउकार्यपालिकामा पेश गनर्छे ।

(ञ) समितिले आवश्यकता अनुसार टोलहरुको अनुगमन गर्ने छ ।

(ट) व्यवस्थापन समितिको सिफारिसको आधारमा टोलहरुलाइ पुरुस्कारकालागि छनौट गर्ने छ ।

परिच्छेद-३

**४.वडा स्तरीय टोल व्यवस्थापन समिति गठन, काम, कर्तव्य र अधिकार**

४.१ वडा अध्यक्ष टोल सूधार कार्यक्रम कार्यान्वन गर्न प्रत्येक वार्डमा देहाय बमोजिमको टोल व्यवस्थापन समिति रहने छ ।

| | |
|---|---|
| (क) वडा अध्यक्ष | संयोजक |
| (ख) कार्यपालिका सदस्यहरु | सदस्य |
| (ग) वडा सदस्यहरु | सदस्य |
| (घ) आमा समुह/टोल बिकास समिति अध्यक्षहरु | सदस्य |
| (ङ) युवा क्लब वा सामाजिक संस्था प्रतिनिधि १(वडा समिति द्वारा मनोनित) | सदस्य |
| (च) विद्यालयको प्र.अ. मध्ये वडा समिति द्वारा मनोनित १ | सदस्य |
| (छ) वडा सचिव | सदस्य सचिव |

४.२ वडा स्तरीय टोल व्यवस्थापन समितिको बैठक

(क) अध्यक्षले तोकेको मिति, समय र स्थानमा १ महिनाको एक पल्ट समितिको वैठक वस्ने छ ।

(ख) वैठकमा चालु महिनाको कार्ययोजनाको प्रगतिको समिक्षा र अगामी महिनाको कार्ययोजना पारित गरिने छ ।

(ग) वैठकमा आवश्यकता अनुसार सुरक्षा निकायलाइ आमन्त्रित गर्न सकिने छ ।

४.३ वडा स्तरीय टोल व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार

(क) साविकका वडाहरुको आधारमा वडा भित्र टोल विभाजन गर्ने छ ।

(ख) प्रत्येक टोलमा आमा समुह/टोल सूधार समिति वाल क्लव गठन गर्ने छ ।

(ग) तोकिएको प्रक्रिया अनुसार टोल सूधार निरिक्षक छनौट गरी सुपरीवेक्षण समितिमा नियुक्तिका लागि सिफारिस गर्ने छ ।

(घ) तोकिएको कार्ययोजना बमोजिम टोल निरिक्षकको काम सन्तोषजनक नभएमा एक पटक सफाइको मौका दिइ जुनसुकै वेला निरिक्षकलाइ अवकासका लागि सुपरिवेक्षण समितिमा सिफारिस गर्न सक्ने छ ।

(ङ) टोल सुधार कार्यक्रम सम्वधिमा मासिक रुपमा

(च) वडा व्यवस्थापन समितिले महिनामा एक पटक अनिवार्यरुपमा टोल अनुगमन गरी व्यवस्थापन समितिमा अनुगमन प्रतिवेदन पेश गर्नु पर्ने छ ।

(छ) वडा व्यवस्थापन समितिले मापदण्डहरुको आधारमा नमुना टोल छनौट गरी सुपरिवेक्षण समितिमा सिफारिस गर्नु पर्ने छ ।

**५. टोल निरिक्षकको नियुक्ति काम कर्तव्य अधिकार**

५.१ टोल निरिक्षकको नियक्ति: वडा अध्यक्ष टोल सुधार कार्यक्रम को प्रभावकारी कार्यान्वयन गर्न टोल समुदायमा काम गर्ने गरि देहायको प्रकृया अनुसार टोल निरिक्षकको नियुक्ति गरिने छ ।

५.२टोल निरिक्षक सिफारिस समिति: टोल निरिक्षकको छनौट गरि सुपरिवेक्षण समितिमा नियुक्तिका लागि सिफारिस गर्न देहाय बमोजिमको समिति रहनेछ ।

१) वडा अध्यक्ष -संयोजक

२) वडा समितिले तोकेको स्थानिय वुद्धिजीवि -सदस्य

३) वडा सचिव -सदस्य

५.३ टोल निरिक्षक सिफारिस समितिको काम कर्तव्य अधिकार

क) गाँउकार्यपालिकाको निर्णयअनुसार टोल निरिक्षकको प्रतियोगात्मक परिक्षा संचालन गर्न कम्तिमा ७ दिने र बढिमा १५ दिनको सूचना प्रकाशित गर्ने ।

ख) यस कार्यविधिको छनौट सम्वन्धि व्यवस्थाअनुसार आवेदकहरुको मूल्याकंन गरी सुचिकृत गर्नु पर्ने छ ।

ग) सुचिकृत आवेदकहरुको अन्तर्वाता लिइ सुचिकृत गर्दा प्राप्त प्राप्ताकं र अन्तर्वाताको अंक जोडी उच्चतम अकं प्राप्त गर्ने आवेदकको नाम सुपरिवेक्षण समितिमा सिफारिस गरी पठाउने ।

५.४ टोल निरिक्षक छनौट सम्वन्धि व्यवस्था

क) टोल निरिक्षण व्यवस्थापन समितिले तोके बमोजिम आवेदकहरुले समितिमा आवेदन पेश गर्नु पर्ने छ ।

ख) उपदफा ५.४(क) बमोजिम प्राप्त आवेदनहरु देहायको आधारमा दफा ५.२ को समितिले मूल्याकंन गरी सुचिकृत गर्नु पर्ने छ ।

१) शैक्षिक योग्यता वाफत ५० अकं( विशिष्ट श्रेणी ५०, प्रथम श्रेणी ४५, द्धितीय श्रेणी ४०, तृतीय श्रेणी३५अकं)

२) कार्य अनुभव वाफत १० अंक(प्रति वर्ष २ अंकको दरले, प्रमाणित विवरणको आधारमा)

३) स्थानिय वासिन्दा १० अंक(सम्वन्धित वार्ड १० अंक, सम्वन्धित गाँउपालिका ५ अंक)

४) अन्तर्वाता ३० अंक । यस अनुसार अंक दिदा अधिकतम २५ र न्यूनतम १२ को सीमा भित्र रही दिनु पर्ने छ ।

५.५ टोल निरिक्षकको काम कर्तव्य अधिकार:

क) वडा स्तरीय टोल व्यवस्थापन समितिले निर्धारण गरेका टोलहरुमा आमा समुह, टोल सुधार समिति, वालक्लव गठन गर्नु पर्ने छ(पूर्ववत गठन गरीएका आमा समुहहरुलाइ यथावत मान्यता दिनु पर्ने छ) ।

ख) गठित समितिहरुलाइ गाँउपालिकामा दर्ताको लागि सहजिकरण गर्नु पर्ने छ ।

ग) प्रत्येक टोलमा वडा अध्यक्ष टोल सुधार अभिमुखीकरण कार्यक्रम संचालन गर्नु पर्ने छ ।

घ) टोलहरुमा नियमित वैठक बस्ने र टोल सुधार अभियानहरु संचालन गर्न समितिहरुलाइ प्रेरित गर्नु पर्नेछ ।

ङ) टोल सुधार मासिक कार्ययोजना व्यवस्थापन समितिवाट स्विकृत गराइ कार्यान्वयन गरी व्यवस्थापन समितिको मासिक वैठकमा प्रगती प्रतिवेदन पेश गर्नु पर्ने छ ।

च) प्रत्येक टोलमा प्रति महिना एक वटा जनश्रममा आधारित टोल सुधार योजना वनाउन लगाइ कार्यान्वयन गर्न प्रोत्सान र सहजीकरण गर्नु पर्नेछ ।

छ) प्रचलित नियम कानून तथा गाँउपालिका द्वारा टोल सुधारका निम्ति बनाएका नियम कानून उलघंन गरी टोल सुधारमा वाधा पुचाउने व्यक्तिलाइ नियमानुसार टोलमै दण्ड जरिवाना गर्ने तथा थप मदत आवश्यक भएमा व्यवस्थापन समिति, सुपरिवेक्षण समिति वा सुरक्षा निकायमा सोझै लिखित वा मौखिक सुचना दिनु पर्ने छ।

५.६ टोल निरिक्षकको अवकाश:देहायको अवस्थामा व्यवस्थापन समितिको सिफारिस वा सोझै सुपरिवेक्षण समितिले टोल निरिक्षकलाइ अवकाश गर्न सक्नेछ ।

क) टोल निरिक्षकले राजिनामा पेश गरेमा ।
ख) कार्ययोजना अनुसार टोल सुधार कार्यक्रम संचालन गर्न असक्षम भएमा ।
ग) टोल सुधार विपरितको आचरण गरेको प्रमाणित भएमा ।
घ) टोलसुधारको क्रममा बाधा पर्ने गरी घटना ढाकछोप गर्ने वा पक्षपात वा पुर्वाग्रहहुने गरी कामकाज गरेको प्रमाणित भएमा ।

**६ टोलसुधारका प्रमुख अभियानहरु:**

क) मदिरा उत्पादन, ओसारपोसार, विक्रिवितरण र सेवन विरुद्धको अभियान ।
ख) जुवा खेल्ने खेलाउने विरुद्धको अभियान ।
ग) पूर्ण सरसफाइ अभियान ।
घ) विद्यालय उमेरका सवै वालवालिका बिद्यालयमा अभियान ।
ङ) सार्वजनिक सम्पतिको सुरक्षा अभियान ।
च) वहु विवाह विरुद्धको अभियान ।
छ) छुवाछुत मुक्त अभियान ।

**७ अभियान संचान गर्दा सम्पन्न गर्नु पर्ने कार्यक्रमहरु**

क) सुपरिवेक्षण समिति, व्यवस्थापन समिति गठन र टोल निरिक्षक नियुक्ति ।

ख) टोल निरिक्षकहरुको लागि कार्यक्रम अभिमुखीकरण कार्यक्रम ।

ग) तथ्याकं संकलन तथा व्यवस्थापन कार्यक्रम ।

घ) टोलभेला र कार्यक्रम अभिमुखीकरण कार्यक्रम ।

च) टोल बोर्ड सामग्री वितरण कार्यक्रम ।

छ) टोल सुधार अभियान कार्यक्रम संचालन ।

ज) नमुना टोल घोषणा तथा पुरुस्कार वितरण ।

**<u>८ टोल निरिक्षकको सेवा सुविधाः</u>** टोल सुधार निरिक्षकलाइ व्यवस्थापन समितिको सिफारिस प्रतिवेदनका अधारमा मासिक रु. ८०००/ मासिक पारश्रमिक उपलब्ध गराइनेछ। उत्कृष्ट कार्यसम्पादन गर्ने निरिक्षकलाइ थप प्रोत्सान दिन सकिने छ।

९ सुपरिवेक्षण समिति र व्यवस्थापन समितिको वैठकमा समितिका सदस्यहरुलाइ रु ५००/ का दरले खाना खर्च दिइनेछ ।

**<u>१० दण्ड जरिवाना</u>**

क) मदिरा सेवन गरी होहल्ला गरेमा प्रथम पटक रु.२०००/ र पटक्कै पिच्छे तोकिएको रकममा थप ५०°थप आर्थिक दण्ड र समितिको निर्णयानुसार अन्य जरिवाना गरिने छ ।

ख) मदिरा उत्पादन गर्नेलाइ रु १२०००/, ओसारपसार र विकीवितरण गर्नेलाइ रु. ६०००/ र पटक्कै पिच्छे तोकिए को रकममा थप ५० प्रतिशत आर्थिक दण्ड र समितिको निर्णयानुसार अन्य जरिवाना गरिने छ ।

ग) जुवा खेल्ने खेलाउने तथा हेर्नेलाई प्रचलित कानून बमोजिम कार्यवाहि गरिनेछ  र गाउपालिकाको तथा समितिको निर्णयानुसार थप जरिवाना गर्नसकिने छ ।

घ) सरकारी कर्मचारी तथा गाँउपालिका जन प्रतिनिधीको हकमा सवै दण्डमा थप ५० प्रतिशतले हुन आउने रकम जरिवाना गरिने छ ।

ङ) दण्ड जरिवाना वाफत उठेको रकममा टोलकै पहलमा जरिवाना भएमा ५० प्रतिशत सम्वन्धित टोलमा र २५, २५ प्रतिशत सम्वन्धित वार्ड र सुरक्षा निकायको कोषमा जम्मा गर्नु पर्ने छ ।

च) सुराकी वा टोल निरिक्षकको सुराक वाट जरिवाना भएमा सो गर्नेलाइ जरिवानाको २० प्रतिशतले हुन आउने रकम पुरुस्कार स्वरुप दिइने छ ।

छ)सुरक्षा निकायको पहलमा दण्ड जरिवाना भएमा ५० प्रतिशत सुरक्षा निकाय कोषमा र वाकि सम्वन्धितवार्डको कोषमा जम्मा गरिने छ ।

ज) वार्ड कोषमा जम्मा हुन आएको जरिवाना वाफतको रकम सम्वन्धित वार्डको टोल सुधारमा मात्रै खर्च गर्न पाइने छ ।

झ) जरिवाना वाफत जम्मा हुन आएको रकमको तत तत निकायले सार्वजनिक सुनवाइ अनिवार्य गर्नु पर्ने छ ।

ञ) आमा समुह, टोलविकास समितिले दण्ड जरिवाना गर्दा गाँउपालिकाले तोकेकोहकमा सोहि वमोजिम र नतोकेको हकमा समुह वा समितिले गरेको निर्णय वमोजिम गर्नु पर्ने छ ।

**<u>११ नमुना टोल घोषणाका आधारहरुः</u>** देहायका आधारहरु पुरा भएको टोल लाइ निरिक्षकको प्रतिवेदन, व्यवस्थापन समितिको अनुगमन र सुपरिवेक्षण समितिको अनुगमन र सिफारिस अनुसार  गाँउकार्यपालिकाले नमुना टोल घोषणा गर्ने छ ।

क) मदिरा जन्य अशान्ती मुक्त, मदिरा उत्पादन, विकिवितरण शुन्य टोल २० अंक ।

ख) जुवा शुन्य टोल २० अंक ।

ग) घर घरमा शौचालय, पारिवारिक र सामुदायिक सरसफाइ सुनिश्चितता १५ अंक ।

घ) टोलमा विद्यालय उमेरका वालवालिकाहरु सवै विद्यालय गएको सुनिश्चितता १५ अंक ।

ङ) नँया कानून पश्चात वालविवाह नभएको सुनिश्चितता १० अंक ।

च) सार्वजनिक स्थलमा छुवाछुत नभएको सुनिश्चितता १० अंक ।

छ) सार्वजनिक सम्पदाको संरक्षण र मर्मतको सुनिश्चितता १० अंक ।

**१२ विविधः**यस कार्यविधिको कार्यान्वयनको क्रममा थप व्यवस्था गर्नु परेमा यस कार्यविधि तथा प्रचलित कानून सँग नवाभ्किने गरी आवश्यक निर्णय गर्न सक्ने छ ।

अनुसूची-१

दुहुँ गाँउपालिका वार्ड नं. ....... को कार्यालय,दार्चुला

प्रदेश नं. ७ नेपाल

**सेवा लिने सम्वन्धि सूचना** मितिः ............. दुहुँगाँउपालिका वार्ड नं. .... का लागि वडा अध्यक्ष टोल सुधार कार्यक्रममा रहने गरी टोल निरीक्षक पदको रुपमा देहायको योग्यता पुगेको नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र दिनको २.०० वजे भित्र राजस्व तिरेको रसिद सहित दरखास्त दिन हुन सम्वन्धित

सवैको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| पद नाम | संख्या |
|---|---|
| टोल निरिक्षक | १ |

**शैक्षिक योग्यता र अन्य योग्यता**

१. नेपाली नागरिक ।

२. कक्षा १२ उत्तीर्ण गरेको ।

३. सामुदायिक परिचालन वा सामुदायिक विकासमा काम गरेको ।

४. अन्य प्रचलित कानूनद्वारा अयोग्य नभएको ।

५. १८ वर्ष उमेर पुरा भइ....... वर्ष ननाघेको ।

**दरखास्तमा संलग्न गर्नुपर्ने:** उम्मेदवारको व्यक्तिगत विवरण, शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि, नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि, अनुभवको प्रमाणित प्रतिलिपि संलग्न गर्नु पर्ने छ । पेश गरिने सवै प्रतिलिपिको पछाडी उम्मेदवार स्वंयले हस्ताक्षर गरी प्रमाणित गर्ने ।

**छनौटको किसिम:**७० पूर्णाकं संक्षिप्त कार्यसूची(योग्यता, अनुभव, स्थानियता) तथा ३० पूर्णाकं अन्तरर्वाता ।

**परिक्षा दस्तुर** :................

**सम्पर्क मिति:** दरखास्तको अन्तिम मितिको दोस्रो दिन ।

निरिक्षक छनौट समिति

वार्ड नं. .......

अनुसूची-२

अन्तरर्वाता मूल्याकंन फारम

पद : टोल निरिक्षक

पद संख्या : १

उम्मेदवार संख्या:

अन्तरर्वाता मितिः दुहुँ गाँउपालिका वार्ड नं..........

| क.सं. | रोल नं. | उम्मेदवारको नाम थर | समान्य ज्ञान सम्वन्धि ज्ञान र व्यक्तित्व | | कैफियत |
|---|---|---|---|---|---|
| | | | अकंमा | अक्षरमा | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

संयोजक/सदस्यको

दस्तखतः

नाम,थरः

पद :

मितिः

आज्ञाले,

राजेन्द्रबहादुर सिंह

निमित्त प्रमुख प्रशासकीय अधिकृत